# काठमाडौं महानगरपालिका

## यें महानगरपालिका

## नगर कार्यपालिकाको कार्यालय

बागदरवार, काठमाडौं, ३ नं. प्रदेश, नेपाल

सहसचिवको सचिवालय


प.सं.:०७५।०७६

च.नं.: १२६३

मिति : २०७५/१०/०८

श्री सबै विभाग/आयोजना/सचिवालय/एकाइ/महाशाखा/कार्यक्रम/परियोजना/शाखा/वडा कार्यालय
काठमाडौं महानगरपालिका ।

**विषय: सवारी साधनको हिफाजत सम्बन्धमा ।**

काठमाडौं महानगरपालिकाको स्वामित्व र भोगचलनमा रहेका सवारी साधनहरुको सुरक्षा, संरक्षण, कानुनी दायित्व पालना, मर्मतसम्भार, सरसफाइ र सदुपयोगको प्रत्याभूतिका लागि दुई पाङ्ग्रे, हलुका र भारी सबै प्रकारका सवारी साधन प्रयोग गर्दा तपसीलका विषय अनिवार्य रुपमा पालना गर्न अनुरोध छ ।

**तपसील**

१. अधिकार प्राप्त अधिकारीबाट स्वीकृति पाएका कर्मचारीले मेकानिकल महाशाखाबाट बुझिलिएर मात्र सवारी साधन प्रयोग गर्ने ।

२. जुन सवारी साधन जसले जिम्मा लिएको छ, उसले मात्र प्रयोग गर्ने ।

३. सवारी साधनको कर दाखिला, नविकरण, प्रदुषण जाँचलगायत कार्य जिम्मेवार कर्मचारी स्वयम्ले समयमै गराएर कार्यालयबाट शोधभर्ना लिने ।

४. सवारी साधन समयमै सर्भिसिङ र आवश्यक मर्मत सम्भार गर्ने ।

५. सवारी साधन दुर्घटना परेमा सम्बन्धित जिम्मेवार कर्मचारी नै जवाफदेही हुने ।

६. सवारी साधन प्रयोग गर्ने कर्मचारीको लापरवाहीले भएको दुर्घटनाको क्षतिपूर्ति कार्यालयले नव्यहोर्ने ।

**बोधार्थ**

श्री वातावरण व्यवस्थापन विभाग : *आवश्यक समन्वय, निर्देशन र अभिलेख व्यवस्थापनको लागि ।*

श्री यन्त्र तथा उपकरण महाशाखा : *जिम्मेवार कर्मचारीलाई मात्र सवारी साधन जिम्मा दिन र अवस्था जाँच गरेर मात्र फिर्ता बुझ्नु हुन ।*

२०७५।१०।८

**डा. टोकराज पाण्डे**

सहसचिव


**बागदरबार, काठमाडौं, नेपाल, फोन नं. +९७७-१-४२३१४८१ फ्याक्स : ९७७-१-४२६८५०९**

E-mail: ceo@kathmandu.gov.np, kmcmayor@mos.com.np, website: www.kathmandu.gov.np